# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

बेथानचोक, काभ्रे २०७६ फागुन १३ गते, २०७६ साल

# भाग २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोकको

## सूचना

बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेथानचोक गाउँपालिकाको
## एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७६

# बेथानचोक गाउँपालिकाको
# एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७६।११।१३

**प्रस्तावनाः** बेथानचोक गाउँपालिकाको स्वामित्वमा रहेको एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बेथानचोक गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
(क) यो कार्यविधिको नाम "बेथानचोक गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।
(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**
(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने बेथानचोक गाउँपालिकाको स्वामित्वमा रहेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।
(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।
(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।
(घ) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिकालाई सम्झनु पर्छ ।
(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।
(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।
(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

३. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**
(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न

देहायको पदाधिकारीहरु रहेको गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) सामाजिक विकास समितिको संयोजक - संयोजक

(ख) कार्यपालिकाले तोकेको वडाध्यक्ष २ जना - सदस्य

(ग) कार्यपालिकाले तोकेको सेवा क्षेत्र भित्रको १ जना महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य शाखा संयोजक - सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवालासँग आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५. **एम्बुलेन्स सेवा शुल्क तथा कोष सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखीने छ ।

(३) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) एम्बुलेन्स सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखबाट संयुक्त रुपमा गरिनेछ ।

(५) कोषमा देहाय बमोजिमको रकम आम्दानी बाँधिनेछ ।

(क) एम्बुलेन्स सेवा प्रयोग गरे बापतको सेवा शुल्क

(ख) गाउँसभाबाट विनियोजित रकम

(६) कोषको लेखापरीक्षण कार्यालयको आन्तरिक लेखा परीक्षण इकाइ तथा महालेखा परीक्षकबाट गरिने छ ।

(७) प्रत्येक आर्थिक वर्षमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा गाउँपालिकाको संचित कोषमा आम्दानी बाँधिनेछ ।

(८) कोषको रकम गाउँ कार्यपालिकाको निर्णयअनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

६. **चालकको नियुक्ती र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ । (३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । बिमाको प्रिमियम बापतको रकम यसै कार्यविधी बमोजिमको कोषबाट वेहोरिने छ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

७. **इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था :**

(१) चालकले इन्धन तथा लुव्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुव्रिकेन्टस् खपतका अद्यावधिक लगत चालकले तयार गरि कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) इन्धन तथा लुव्रिकेन्ट्स र मर्मतसम्बन्धी सम्पूण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयका जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(३) एम्बुलेन्स बिग्रिएमा बिग्रिएको लिखित जानकारी चालकले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ ।

(४) मर्मत सम्भारका कार्य गर्दा गराउँदा चालक वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

८. **अधिकार प्रत्यायोजन :**

यो कार्यविधिद्वारा समितिलाई प्रदत्त अधिकार समितिले सचिव वा निजले तोकको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र सचिवलाई प्रदत्त अधिकार निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्न समेत बाधा पुग्ने छैन ।

९. **कार्यविधिमा संशोधन :**

यो कार्यविधिमा संशोधन गर्न आवश्यक भएमा उप-समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१०. **खारेजी र बचाउ :**

यो कार्यविधि जारी हुनु अघि एम्बुलेन्स सञ्चालन र व्यवस्थापन सम्बन्धी भए गरेका कामकुराहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

११. **विविध :**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) यस कार्यमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूचि १
## कार्यविधिको दफा (५) सँग सम्बन्धित
## सेवा शुल्क सम्बन्धी दररेट

| क.सं. | देखि | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | मेदाम्सु | बनेपा | ४०००।०० | |
| २. | मेदाम्सु | धुलिखेल | ४३००।०० | |
| ३. | मेदाम्सु | काठमाडौं | ६०००।०० | |
| ४. | भुग्देउ | बनेपा | ३५००।०० | |
| ५. | भुग्देउ | धुलिखेल | ३८००।०० | |
| ६. | भुग्देउ | काठमाडौं | ५५००।०० | |
| ७. | कामीडाँडा | गेल्ढुङ | १५००।०० | |
| ८. | कामीडाँडा | काठमाडौं | ५०००।०० | |
| ९. | च्याल्टी | गेल्ढुङ | १२००।०० | |
| १०. | च्याल्टी | काठमाडौं | ४५००।०० | |
| ११. | गोर्खालीगाउँ/लप्सीबोट | गेल्ढुङ | १०००।०० | |
| १२. | गोर्खालीगाउँ/लप्सीबोट | काठमाडौं | ४५००।०० | |
| १३. | गेल्ढुङ/क्लबघर | बनेपा | १९००।०० | |
| १४. | गेल्ढुङ/क्लबघर | धुलिखेल | २२००।०० | |
| १५. | गेल्ढुङ | काठमाडौं | ४०००।०० | |
| १६. | पाट्नेखोला, चौतारा दमार, जात्रेफेदी | बनेपा | २५००।०० | |
| १७. | पाट्नेखोला, चौतारा दमार, जात्रेफेदी | धुलिखेल | २८००।०० | |
| १८. | पाट्नेखोला, चौतारा दमार, जात्रेफेदी | गेल्ढुङ | ८००।०० | |
| १९. | मुलडाँडा, बसाखोर | गेल्ढुङ | ८००।०० | |
| २०. | चोरन्डे | गेल्ढुङ | १०००।०० | |
| २१. | तल्लो थली | गेल्ढुङ | ६००।०० | |
| २२. | माथिल्लो थली | गेल्ढुङ | ८००।०० | |
| २३. | थलागाउँ | गेल्ढुङ | १५००।०० | |
| २४. | च्याम्राङबेशी | गेल्ढुङ | २०००।०० | |
| २५. | फुर्केथली | गेल्ढुङ | २५००।०० | |
| २७. | झिंगे | गेल्ढुङ | ३०००।०० | |
| २८. | लामिडाँडा | गेल्ढुङ | ३५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २९. | सुकुमफेदी | गेल्ढुङ | ४०००।०० | |
| ३०. | कुनेखर्क | गेल्ढुङ | १०००।०० | |
| ३१. | डाँडागाउँ | गेल्ढुङ | १०००।०० | |
| ३२. | पड्गाउँडाँडा | गेल्ढुङ | १३००।०० | |
| ३३. | पोखरीडाँडा | गेल्ढुङ | १०००।०० | |
| ३४. | पोखरीडाँडा/पड्गाउँडाँडा | बनेपा | २५००।०० | |
| ३५. | पोखरीडाँडा/पड्गाउँडाँडा | धुलिखेल | २८००।०० | |
| ३६. | पोखरीडाँडा | खोपासी | १८००।०० | |
| ३७. | पोखरीडाँडा | पनौती | २०००।०० | |
| *अन्य स्थानको सेवा शुल्कको सम्बन्धमा समितिको सिफारिस बमोजिम कार्यपालिकाले निर्णय गर्नेछ ।* | | | | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा वा एम्बुलेन्स चालकलाई बुझाउनुपर्नेछ ।

## अनुसूचि २
## कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत
## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७६ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ....................................... (नाम) ................................ ठेगाना .................................. ना.प्र.प.नं. ..................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ..................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ....................... जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

**चालकको :**
दस्तखत :
मिति :

**रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :**
दस्तखत :
नाम/पद :
मिति :
संस्थाको छाप :

## अनुसूचि ३
## (कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)
## “ग” वर्गको **(Common Life Support (CLS)** एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stetcher Cum Board,
- Strethoscopre, B.P. Apparatus, Toarchlight,
- Driver with basic training in first aid and emergent medicine.

अनुसूची ४
कार्यविधिको दफा ५ को उपदफा ३ सँग सम्बन्धित

बेथानचोक गाउँपालिका
ढुंखर्क, काभ्रेपलाञ्चोक
एम्बुलेन्स सञ्चालनको दैनिक विवरण

| क्र.सं. | मिति | बिरामीको विवरण नाम, थर, ठेगाना | बाट | सम्म | दुरी .... कि.मी. | सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

................................
विवरण तयार पार्ने (चालक)

आज्ञाले,
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत